मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे
पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:00 बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेन्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २६ ❑ अङ्क १७६ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ असार २४ गते मंगलबार ❑ 8 July 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५ ।-

## देशभरका अस्पतालमा आकस्मिकबाहेकका सेवा बन्द

**रासस**
काठमाडौं, २३ असार

उपभोक्ता अदालतले चिकित्सकीय अभ्याससम्बन्धी मुद्दामा गरेको कारबाहीको निर्णयप्रति गम्भीर असहमति जनाउँदै नेपाल चिकित्सक सङ्घले सोमबार देशभरका अस्पताल तथा स्वास्थ्य संस्थामा आकस्मिकबाहेकका सम्पूर्ण सेवा बन्द गरेका छन् ।

देशकै जेठो वीर अस्पतालमा अहिले 'फलोअप'का बिरामीबाहेक अरूले सेवा पाउन सकेका छन् । आकस्मिक र अत्यावश्यक सेवाबाहेकको सेवा दिन नसकिएको अस्पतालका निर्देशक डा दिलीप शर्माले बताउनुभयो । उहाँले भन्नुभयो, "सङ्घको आह्वानमा सेवा बन्द भएको हो । आंशिक सेवा मात्र दिन सकेका छौँ । आकस्मिक सेवा भने दिइरहेका छौँ । आशा छ छिट्टै निकास मिल्ला ।"

सङ्घले देशभरका चिकित्सक तथा स्वास्थ्यकर्मीहरूलाई यही असार १७ गतेदेखि कालोपट्टी बाँधेर सेवा दिन आह्वान गरेकामा आजदेखि आज आकस्मिकबाहेकका सेवा ठप्प पारेको हो । बिरामीको उपचारमा लापरबाही गरेको भन्दै उपभोक्ता अदालतले पछिल्लो समय केही ग्रान्डी अस्पताल र चिकित्सकमाथि रु ५७ लाख १९ हजार क्षतिपूर्तिसहित कारबाहीको फैसला गरेको थियो ।

यसैगरी, हिमाल अस्पताल र त्यहाँ कार्यरत चिकित्सकलाई रु एक करोड ४५ लाख क्षतिपूर्ति तिराउने उपभोक्ता अदालतले फैसला गरेको थियो भने ओम अस्पताललाई रु ५० लाख ७० हजार तिर्नुपर्ने फैसाला गरेको थियो । चिकित्सक सङ्घका महासचिव डा सञ्जीव तिवारीले चिकित्सा पेसालाई अत्यन्त संवेदनशील, वैज्ञानिक र नैतिक सेवा भएको बताउँदै यसलाई अन्य व्यवसायजस्तो मूल्याङ्कन गरी निर्णय गर्नु अस्वीकार्य हुने बताउनुभयो । उहाँले भन्नुभयो, "नेपाल मेडिकल काउन्सिलजस्ता नियामक निकायलाई बेवास्ता गरी उपभोक्ता अदालतले गरेको कानुनी हस्तक्षेपले चिकित्सा क्षेत्रमा अन्योल सृजना गरेको र यस्ता विषयमा नेपाल मेडिकल काउन्सिलबाट मात्र मूल्याङ्कन हुनुपर्छ ।"

सङ्घले उपभोक्ता अदालतलाई उक्त निर्णय पुनरावलोकन गर्न र स्वास्थ्य मन्त्रालयलगायत सरोकारवाला निकायलाई तत्काल ध्यान दिन आग्रह गरेको छ । चिकित्सकहरूलाई सुरक्षित वातावरणमा काम गर्ने अधिकार सुनिश्चित गर्नुपर्नेमा जोड दिँदै सङ्घले यस्तो वातावरण नभएमा स्वास्थ्य सेवामा गम्भीर असर पर्न सक्ने बताएको छभने सङ्घले नेपाल सरकारले उचित कदम नचाले सशक्त आन्दोलनमा उत्रने चेतावनीसमेत दिएको छ ।

## कास्कीमा अनिवार्य तथा निशुल्क शिक्षाको कार्यान्वयनका लागि अन्तरक्रिया

**पोखरापत्र संवाददाता**
पोखरा, २३ असार



कास्की जिल्लामा अनिवार्य तथा निशुल्क शिक्षाको कार्यान्वयनका लागि सरोकारवालासँग सोमबार एक अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ। नेपाल सरकारले २०८५ साल वैशाख १ गतेबाट लागू हुने गरी अनिवार्य तथा निशुल्क शिक्षाको प्रावधान कार्यान्वयनको तयारी थालेको सन्दर्भमा कास्कीमा यो कार्यक्रम आयोजना गरिएको हो।

कार्यक्रममा जिल्ला शिक्षा समितिका संयोजक तथा जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेलले प्रत्येक नागरिकलाई संविधानले प्रत्याभूत गरेको निशुल्क शिक्षाको अवधारणा कार्यान्वयनको तयारी हुनु सुखद पक्ष भएको बताउनुभयो । प्रमुख पौडेलले २०८५ साल वैशाख १ गतेदेखि कार्यान्वयनमा आउने अनिवार्य तथा निशुल्क शिक्षाको प्रावधान सफल रूपमा लागू गर्न सरोकारवाला सबैको सहयोग र सुझाव आवश्यक हुने उल्लेख गर्दै समन्वयका साथ अगाडि बढ्नुपर्ने धारणा व्यक्त गर्नुभयो । उहाँले कास्कीका सबै पालिकामा योजनाबद्ध रूपमा सरकारको अनिवार्य तथा निशुल्क शिक्षा कार्यक्रम कार्यान्वयनमा केन्द्रित हुन आग्रह गर्नुभयो । जिल्ला शिक्षा विकास तथा समन्वय इकाई कास्कीका कार्यालय प्रमुख लोकनाथ आचार्यले हालसम्म जिल्लामा गरिएको तयारी र आगामी दिनमा गर्नुपर्ने कार्य, साथै रणनीतिक योजना निर्माणका विषयमा जानकारी दिनुभयो । उहाँले चालू वर्षको अन्त्यसम्म योजना बनाएर कार्यान्वयनमा लैजान सबै पालिकाहरुलाई आग्रह गर्नुभयो । कास्कीका जि स स उप प्रमुख सरिता मालले कार्य योजना मुताबिक काम गर्नु पर्ने भन्दै सबैको सहकार्यमा जोड दिनुभयो । कार्यक्रममा कास्कीस्थित राजनीतिक दलका प्रतिनिधि, पालिकाका प्रमुख तथा उपप्रमुख, शिक्षा महाशाखा तथा इकाइ प्रमुखहरू, शिक्षक तथा अभिभावक प्रतिनिधिहरू, विद्यालय व्यवस्थापन समितिका प्रतिनिधि तथा अन्य सरोकारवाला निकायका व्यक्तिहरूले अनिवार्य तथा निशुल्क शिक्षा कार्यान्वयनको सन्दर्भमा आफ्ना धारणा राख्नुभएको थियो । जिल्ला शिक्षा विकास तथा समन्वय इकाई कास्कीको आयोजनामा सम्पन्न कार्यक्रम शाखा अधिकृत टंकराज पौडेलले सञ्चालन गर्नुभएको थियो । कार्यक्रम जिल्ला शिक्षा समितिका संयोजक तथा जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेलको अध्यक्षतामा सम्पन्न भएको हो ।

## गण्डकीमा उद्योग, शिक्षालय र प्रशिक्षार्थी पुरस्कृत

**पोखरापत्र संवाददाता**
पोखरा, २३ असार

गण्डकी प्रदेश सरकार अन्तर्गत सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालयको आयोजनामा 'दिगो तथा सम्मानित रोजगारीका लागि सीप परियोजना' अन्तर्गत औद्योगिक प्रशिक्षार्थी तालिम (अप्रेन्टिशीप) कार्यक्रमका उत्कृष्ट शिक्षालय, उद्योग र प्रशिक्षार्थीलाई एक कार्यक्रममा सम्मान गरिएको छ ।

शिक्षालय तर्फ निर्मल मावि, व्यास तनहुँ प्रथम घोषित हुँदै रु ५० हजारसहित सम्मानित भयो भने धवलागिरी बहुप्राविधिक शिक्षालय, थासाङ मुस्ताङ द्वितीय रु ३० हजार, पोखरा प्राविधिक शिक्षालय तृतीय रु २० हजार र रणविर जनहित मावि, वालिङ स्याङ्जा चौथो रु १० हजार नगद सहित सम्मानति भए ।

चार वटा सीप तर्फ उत्कृष्ट उद्योगहरूलाई रु २५ हजार नगद र सम्मान पत्र प्रदान गरियो। सम्मानित हुनेमा होटल व्यवस्थापन तर्फ पोखराको टेम्पल ट्री रिसोर्ट एण्ड स्पा, भवन निर्माण तर्फ जुम कन्स्ट्रक्सन, इलेक्ट्रिकल इञ्जिनियरिङ तर्फ वालिङ स्याङ्जाको समिर इलेक्ट्रिकल्स तथा अटोमोबाइल इञ्जिनियरिङ तर्फ पोखराकै अक्टोपस अटोमोबाइल प्रालि परे । प्रशिक्षार्थी श्रेणीमा समेत उत्कृष्टता प्रदर्शन गर्ने १६ जनालाई विभिन्न वर्गमा प्रथम, द्वितीय, तृतीय र सान्त्वना पुरस्कार स्वरूप नगद रकम



क्रमशः रु १५ हजार, १० हजार, ७ हजार देखि ५ हजार तथा प्रमाणपत्रद्वारा सम्मान गरियो ।

जसमा होटल व्यवस्थापन तर्फ पोखरा प्राविधिक शिक्षालयका सन्दिप परियार प्रथम, पोखरा प्राविधिक शिक्षालयका निशान सुनार द्धितिय, धवलागिरी प्राविधिक शिक्षालयका सृजन अधिकारी तृतिय र पोखरा प्राविधिक शिक्षालयका रुपेश श्रेष्ठ चौथो भएका छन् । बिल्डिङ कन्सट्रक्सन तर्फ गण्डकी बहुप्राविधिक शिक्षालयका अरुण मल्ल प्रथम, गण्डकी बहुप्राविधिक शिक्षालयका सन्तोष पाण्डे द्धितिय, गण्डकी बहुप्राविधिक शिक्षालयका अस्गार मियाँ तृतिय र गण्डकी बहुप्राविधिक शिक्षालयका सारुख मोहमद मियाँ सान्तवना भएका छन् । यस्तै, इलेक्ट्रिकल ईञ्जिनियरिङ तर्फ रणविर जनहित माविका समिर कार्की प्रथम, देवेन्द्र नेपाली दोस्रो, विवेक राम तेस्रो र दामोदर अर्याल सान्तवना भएका छन् । अटोमोबाईल ईञ्जिनियरिङ तर्फ पोखरा प्राविधिक शिक्षालयका तेजेन्द्र थापा घर्ति पहिलो, विनम श्रीष द्धितिय, रोशन सुनार तृतिय, विवश गुरुङ सान्तवना भएका छन् । कार्यक्रममा बोल्दै सामाजिक विकास,युवा तथा खेलकुद मन्त्री विन्दुकुमार थापाले स्वदेशी स्रोतमै आधारित यस्ता कार्यक्रमलाई मन्त्रालयले निरन्तरता दिने प्रतिबद्धता जनाए । स्विस सरकार विकास सहयोग परियोजनालाई धन्यवाद दिँदै मन्त्री थापाले परियोजनाको निरन्तर सहयोगको समेत अपेक्षा गरेका छन् । युवालाई उद्योगी बन्न प्रेरित गर्ने र त्यसै अनुरुप बजेटको समेत व्यवस्थापन गरिएको भनाई उनको छ । सचिव नवराज ढकालले सीपयुक्त युवाशक्ति नै समृद्धिको आधार भएको उल्लेख गरे । नीजि क्षेत्रको विकास गरेर मात्रै राज्य अगाडि बढ्न सक्ने उनले बताए । सरकारले सहजीकरण मात्र गर्ने हुँदा सीप सिकेर उद्यमी बन्न तर्फ प्रेरित हुन युवालाई उनको आग्रह छ । नेपाल उद्योग वाणिज्य महासंघ गण्डकी प्रदेशका संस्थापक अध्यक्ष संजीव बहादुर कोइरालाले नीजि क्षेत्र सरकारसँग समन्वय गरि अगाडि बढ्न तयार रहेको बताए । विद्यार्थीले सरकारी लगानीलाई खेरा जान दिन नहुने अभिव्यक्ति उनको छ । सरकारले लगानी गर्ने र विद्यार्थी बीचमा नै छाड्ने प्रवृतिले यो क्षेत्रमा केही गर्न चाहने विद्यार्थीलाई समस्या भएको उनले उल्लेख गरे । सरकारले केही गरेन भनेर भाष्य सिर्जना गर्नु गलत भएको र पछिल्लो समय विकासको गतिविधि बढ्दै गएको उनले प्रष्टाएका छन् । उपसचिव तोयानाथ लम्सालले तालिम, उद्योग र शिक्षालयबीचको सहकार्यले कार्यक्रम प्रभावकारी बनेको बताए । औद्योगिक प्रशिक्षार्थी तेजेन्द्र थापा घर्तीमगर, टेम्पल ट्री रिसोर्ट एण्ड स्पाका एचआर म्यानेजर रामकृष्ण कँडेल र निर्मला माविका प्रधानाध्यापक गणेशचन्द्र बस्नेत लगायतले बोलेका थिए । उद्योग, विद्यालय र प्रशिक्षार्थी सबैको सहभागिता र उत्साहजनक योगदानले कार्यक्रम सार्थक बनेको सन्देश दिँदै वक्ताहरूले यस्ता अभ्यासहरूले सीपयुक्त, रोजगारोन्मुख र आत्मनिर्भर युवाशक्ति निर्माणमा महत्वपूर्ण टेवा पुऱ्याउने विश्वास व्यक्त गरे ।

## 'कुलिङ पिरियड' बारे छानबिन गर्न संसदीय विशेष समिति गठन

**रासस**
काठमाडौं, २३ असार

सङ्घीय निजामती सेवा विधेयक, २०८० को प्रतिवेदनमा त्रुटि भएको विषयमा अध्ययन तथा छानबिन गर्न संसदीय विशेष समिति गठन भएको छ ।

प्रतिनिधिसभाको सोमबारको बैठकमा सभामुख देवराज घिमिरेले समितिको घोषणा गर्नुभएको हो । प्रतिनिधिसभा नियमावलीबमोजिम संसदीय विशेष समितिको संयोजकमा नेपाली कांग्रेसका जीवन परियार,

बाँकी अन्तिम पृष्ठमा ▶▶

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

## नेपालमा धेरैभन्दा धेरै विदेशी पर्यटक ल्याउन प्रभावकारी प्रचारप्रसार गर्न प्रधानमन्त्री ओलीको आग्रह

**रासस**
काठमाडौं, २३ असार

प्रधानमन्त्री एवं नेपाल कम्युनिष्ट पार्टी (एमाले) अध्यक्ष केपी शर्मा ओलीले प्राकृतिक रूपमा सुन्दर, भौगोलिक रूपमा उर्बर, ज्ञान र संस्कृतिले सम्पन्न नेपालमा धेरैभन्दा धेरै विदेशी पर्यटक ल्याउन प्रभावकारी प्रचारप्रसार गर्न आग्रह गर्नुभएको छ।

पार्टीको केन्द्रीय पर्यटन तथा नागरिक उडड्यन विभागद्वारा आज यहाँ आयोजित 'नेपालमा पर्यटनः अवस्था, चुनौती र सम्भावना' विषयक राष्ट्रिय गोष्ठीमा उहाँले नेपाल पर्यटन बोर्ड, पर्यटन विभागजस्ता संस्थाबाट परम्परागत शैलीमा नभई आधुनिक (डिजिटल) शैलीमा नेपालका वैभव र रमणीय स्थलबारे आक्रामक प्रचार हुनुपर्नेमा जोड दिनुभयो ।

"हामीले विश्वलाई भन्न सक्नुपर्छ, बेस्सरी पैसा कमाएर मात्रै हुँदैन, वास्तविक जिन्दगी जिउनुपर्छ । साँच्चैको हिमाल कस्तो हुन्छ हेर्नुपर्छ । त्यहाँको चिसो कस्तो हुन्छ, थाहा पाउनुपर्छ", प्रधानमन्त्री ओलीले भन्नुभयो, "हामीले विश्वलाई भन्न सक्नुपर्छ, हात्ति चढेर गैंडा हेर्दा वास्तविक आनन्द थाहा हुन्छ, त्यसकारण नेपाल भ्रमण गरौं ।" उहाँले पर्यटन पूर्वाधार विकासका लागि सरकारले प्राथमिकता दिएको जनाउँदै पर्यटनमैत्री वातावरण बनाउन सरोकार भएका पक्षले ध्यान दिनुपर्नेमा जोड दिनुभयो ।

# अपाङ्गता भएका बालबालिकाका लागि समावेशी विद्यालय

**पोखरापत्र संवाददाता**
दमौली, २३ असार

आबुखैरेनी गाउँपालिकास्थित मित्रता समावेशी विद्यालय सञ्चालनमा आएको छ । अपाङ्गता बालबालिकाको शिक्षाका लागि सो विद्यालय सञ्चालनमा ल्याइएको हो ।

'शिक्षा सबैका लागि' भन्ने मूलमन्त्र आत्मसात् गर्दै अपाङ्गता भएका बालबालिका लक्षित विद्यालय आइतबारदेखि सञ्चालनमा ल्याइएको हो । विद्यालयले फरक क्षमता भएका बालबालिकालाई एउटै कक्षा कोठामा समावेशी सिकाइ विधिमार्फत शिक्षा दिन सुरु गरेको विद्यालयका अध्यक्ष केपी अधिकारीले जानकारी दिनुभयो ।

विद्यालयमा हाल २५ जना अपाङ्गता भएका विद्यार्थी भर्ना भएका छन् । यसै महिना विद्यार्थी सङ्ख्या ४० पुग्ने अनुमान छ । हालको भौतिक संरचनाका कारण



सम्पर्कमा आएका सबैलाई भर्ना गर्न नसकिएको भए पनि नयाँ भवन निर्माणसँगै थप बालबालिकालाई समेट्ने तयारी भइरहेको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, "यो विद्यालय अपाङ्गता भएका बालबालिकामात्र नभई जटिल र फरक प्रकृतिका विद्यार्थीहरूको लागि पनि सिकाइको साझा थलो हो । यहाँ शिक्षकहरूलाई समावेशी शिक्षा सम्बन्धी विशेष तालिम प्रदान गरिनेछ, जसले शिक्षा क्षेत्रमा कार्यरत मानव स्रोतलाई समावेशी शिक्षाको अनुभव र दक्षता प्रदान गर्नेछ ।" विद्यालयले शिक्षा मात्र नभई थेरापी सेवा, मनोपरामर्श सेवा तथा आधारभूत स्वास्थ्य उपचार सेवा समेत प्रदान गर्ने उहाँको भनाइ छ ।

विद्यालयले विशेषगरी न्यून आय भएका परिवारका बालबालिकालाई गुणस्तरीय शिक्षा उपलब्ध गराउने लक्ष्य राखेको छ । उहाँले भन्नुभयो, "विद्यालय कुनै निजी पहल नभई सार्वजनिक–सामुदायिक साझेदारीमा आधारित संस्था हो जसले शिक्षालाई हकको रूपमा व्यवहार गर्छ ।" गाउँपालिकाका अध्यक्ष शुक्र चुमानले समावेशी विद्यालयलाई थप व्यवस्थित बनाइने उल्लेख गर्नुभयो । उहाँले भन्नुभयो, "मित्रता अपाङ्गता समावेशी विद्यालय हाम्रो पालिकाको शिक्षामा समानता र सहअस्तित्वको स्पष्ट प्रतिबिम्ब हो । हामी यसलाई नमूना समावेशी शिक्षाको केन्द्रको रूपमा विस्तार गर्न प्रतिबद्ध छौं ।" अपाङ्गता भएका बालबालिकालाई अभिभावकसँगै विद्यालयको आवासमा राखी निश्चित समयका लागि अभिभावकलाई जीविकोपार्जन तथा अपाङ्गतामा आधारित सामुदायिक पुनः स्थापनामा जोड दिइने उहाँको भनाइ छ । आँबुखैरेनी गाउँपालिकाका शिक्षा शाखा अधिकृत निर्मला कुँवरले समावेशी विद्यालय आँबुखैरेनीको मात्र नभई देशकै अपाङ्गता भएका बालबालिकालाई लक्षित गरी स्थापना गरिएको जानकारी दिनुभयो ।

# नेपाल परिवार नियोजन संघ कास्कीको ४४ औँ शाखा सभा

**पोखरापत्र संवाददाता**
पोखरा, २३ असार

नेपाल परिवार नियोजन संघ कास्की शाखाको ४४ औँ वार्षिक शाखा सभा सम्पन्न भएको छ । शाखा सभाको उद्घाटन गर्दै गण्डकी प्रदेशका सामाजिक विकास, युवा तथा खेलकुद मन्त्री विन्दुकुमार थापाले सामाजिक क्षेत्रको अग्रणी संस्था नेपाल परिवार नियोजन संघ भएको बताउनुभयो ।

उहाँले नेपाल परिवार नियोजन संघ कास्कीलाई गण्डकी प्रदेश सरकारले आवश्यक सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो। नेपाल परिवार नियोजन संघका केन्द्रीय कोषाध्यक्ष निर्माण श्रेष्ठले संघलाई आत्मनिर्भर बनाउने तर्फ जोड दिनुभयो ।

कार्यक्रममा जिल्ला समन्वय समिति कास्कीका जिल्ला समन्वय अधिकारी नवराज बराल, प्रदेश जनस्वास्थ्य कार्यालयका प्रमुख रामबहादुर नेपाली,



नेपाल परिवार नियोजन सङ्घका निवर्तमान महासचिव अर्जुन सिग्देल, नेपाल परिवार नियोजन संघ कास्कीका पूर्व सभापति दिवसमान प्रधानाङ्ग लगायतले बोल्नुभएको थियो। त्यस अवसरमा कोषाध्यक्ष विष्णुप्रसाद दाहालले संस्थाको आर्थिक प्रतिवेदन र वरिष्ठ शाखा प्रबन्धक नवराज तिवारीले वार्षिक तथा भावी कार्यक्रम प्रस्तुत गर्नुभएको थियो । त्यस अवसरमा नेपाल परिवार नियोजन संघ कास्कीमा विभिन्न पदमा रही २८ वर्षसम्म सेवा गर्नुहुने वरिष्ठ शाखा प्रबन्धक नवराज तिवारीलाई सम्मान गरिएको थियो। नेपाल परिवार नियोजन संघ कास्कीका सभापति नवीन सिग्देलको अध्यक्षतामा भएको कार्यक्रममा सदस्य विजयराज पौडेलले स्वागत र कोषाध्यक्ष विष्णुप्रसाद दाहालले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# आगामी आवको मौद्रिक नीतिबारे योजना आयोग उपाध्यक्ष र राष्ट्र बैंकका गभर्नरबीच छलफल

**रासस**
काठमाडौं, २३ असार

आगामी आर्थिक वर्ष २०८२/८३ को मौद्रिक नीतिबारे राष्ट्रिय योजना आयोगका उपाध्यक्ष प्रा डा शिवराज अधिकारी र नेपाल राष्ट्र बैंकका गभर्नर डा विश्वनाथ पौडेलबीच छलफल भएको छ ।

सोमबार आयोगमा भएको छलफलका क्रममा बजेटसँग समन्वय हुनेगरी आगामी आर्थिक वर्षको मौद्रिक नीति ल्याउने तयारीबारे कुराकानी भएको उपाध्यक्ष अधिकारीको सचिवालयले जनाएको छ। यस्तै, राष्ट्रिय विकास समस्या समाधान समितिको ५४औँ बैठकमा लैजानुपर्ने एजेन्डाका विषयमा पनि छलफल भएको जनाइएको छ ।

"छलफलका क्रममा उपाध्यक्ष अधिकारीले विद्यमान आर्थिक मोडल र कार्यशैलीका सन्दर्भमा पुनर्विचार गर्नुपर्ने बेला आएको बताउनुभयो । यस्तै, दशकौँसम्म निर्माण सम्पन्न हुन नसकेका राष्ट्रिय गौरवका आयोजनालाई कसरी चाँडो सम्पन्न गर्न सकिन्छ भन्नेबारे पनि छलफल भएको छ", सचिवालयले जारी गरेको प्रेस नोटमा भनिएको छ । लक्षित आर्थिक वृद्धि हासिल गर्न प्रत्यक्ष आन्तरिक लगानी बढाउनुपर्नेमा पनि उपाध्यक्ष अधिकारीको जोड थियो । छलफलका क्रममा गभर्नर पौडेलले हाल अनुत्पादक क्षेत्रमा ठूलो आकारमा कर्जा लगानी भएको उल्लेख गर्दै उत्पादन र उत्पादकत्व बढाउने क्षेत्रमा लगानी गर्न आवश्यक रहेको धारणा राख्नुभएको थियो । यस्ती, नेपाल सम्पत्ति शुद्धीकरण मामलामा वित्तीय कारबाही कार्यदल (एफएटिएफ) को खैरो सूचीमा परेकामा चिन्ता व्यक्त गर्दै उहाँले उक्त सूचीबाट चाँडो बाहिर निस्कन राष्ट्र बैंकले आफ्नो क्षेत्रबाट गर्नुपर्ने सबै प्रयास गरिरहेको बताउनुभएको थियो ।

छलफलका क्रममा हाल लघुवित्त र सहकारी क्षेत्रमा देखिएका समस्या समाधान गरिनुपर्ने, कृषि क्षेत्रमा सहज रूपमा सहुलियत कर्जा प्रवाह हुनुपर्नेलगायत विषय उठेका थिए । यस्तै, बैंक तथा वित्तीय क्षेत्रका शाखाहरू सहरी क्षेत्रमा निकै बढी भए पनि ग्रामीण क्षेत्रमा वित्तीय पहुँच अझै कमजोर रहेको, बैंक तथा वित्तीय संस्थाहरूमा खराब कर्जा बढेको, ब्याजदर घट्दा पनि अपेक्षाअनुसार कर्जा लगानी हुन नसकेकाजस्ता समस्या समाधान गर्नेगरी आगामी आवको मौद्रिक नीति ल्याइनुपर्ने आवश्यकता औँल्याइएको थियो ।

# मिजोरममा आदिकविको सम्झनामा साहित्यक गोष्ठी सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, २३ असार

भारतको पूर्वाञ्चल राज्य मिजोरममा नेपाली साहित्य गोष्ठी सम्पन्न भएको छ ।

राज्यमा रहेका नेपाली भाषीहरुको छाता संगठन मिजोरम गोर्खा युवा संघद्वारा २१२ औं भानु जयन्तीको अवसरमा आइलोज जारकोट स्थित रिक्रिएशन सेन्टरमा आयोजित साहित्यक गोष्ठीमा राज्यका स्थापित तथा नवोदित साहित्य अनुरागीहरुको सहभागिता रहेको थियो । कार्यक्रममा साहित्यकार मिनु लक्ष्मी, पूर्ण प्रसाद, उदय कुमार, हरिबहादुर थापा, प्रकाश थापा, गुनु घर्ती, विष्णु भण्डारी, धनरुपा थापा, पूर्णिमा गुरुङ तथा रोविन जैसी लगायते आ-आफ्ना लेख रचनाहरु प्रस्तुत गर्नुभएको थियो भने बाल



प्रतिभा काव्य जैसी, आराधना शर्मा,शाक्षी शर्माले कविता पाठ गर्नु भएको थियो । हरेक वर्ष आदिकवि भानुभक्त आचार्यको जन्म जयन्तीको अवसर पारेर भानु जयन्ती विशेष साप्ताहिक कार्यक्रम आयोजना गर्दै आएको मिजोरम गोर्खा युवा संघले यस वर्ष पनि नेपाली भाषा र साहित्यको विकास हुने गरेर राज्य स्तरमै भानु जयन्ती विशेष कार्यक्रम आयोजना गरिरहेको छ । संस्थाले भानु जयन्तीको अवसरमा शुक्रबार विद्यालय स्तरीय चित्रकला तथा निबन्ध लेखन कार्यक्रम सम्पन्न गरेको थियो । त्यस्तै संस्थाले असार २९ गते स्थानीय भान पाहलमा भानु जयन्ती मूल समारोह वृहत सांस्कृतिक कार्यक्रम आयोजना गर्ने तयारी गरेको छ ।

संस्थाका अध्यक्ष अनुप क्षेत्रीको अध्यक्षतामा भएको साहित्य गोष्ठी प्राध्यापक शिवराज गुरुङले संचालन गर्नु भएको थियो ।

# वातावरणीय प्रर्यावरण जोगाउन बृक्षारोपण

**श्रीकृष्ण सिग्देल**
स्याङ्जा, २३ असार

नेपालका विकास बैंकहरु मध्ये वित्तिय कारोबारमा सफलता हासिल गर्दै आएको गरिमा विकास बैंकले वातावणीय प्रर्यावरण जोगाउन बृक्षारोपण अभियान शुरु गरेको छ ।

देशभर बैकिङ्क संजाल रहेको गरिमा बैंकले धार्मिक, सांस्कतिक र वातावरणीय प्रर्यावरण जोगाउन वर, पिपल र स्वामीका बिरुवा बृक्षारोपण गरेको हो । धार्मिक र सांस्कृतिक रुपमा मानिदै आएका तीन बृक्ष पछिल्लो समय हराउने समस्या र यसका कारण वातावरणीय प्रर्यावरणमा समेत असर पर्न थालेपछि बैंकले देशभर बृक्षारोपण अभियान शुरु गरेको गरिमा विकास बैंकका अध्यक्ष दीलिपप्रताप खाँणले जानकारी दिए । स्याङ्जाको वालिङ १४ मा बैंकका अध्यक्ष खाँणले तीन बिरुवाको बृक्षारोपण शुभारम्भ गरेपछि विभिन्न ठाउँमा बृक्षारोपण शुरु गरिएको बैकले जनाएको छ । पहिलो चरणमा ७ ठाउँ र तीन जिल्लामा वर, पिपल र स्वामीका बिरुवा बृक्षारोपण गरिएको छ । गरिमा विकास बैंकका शाखा कार्यालयको संयोजनमा ७ क्षेत्रमा पहिलो चरणमा बृक्षारोपण गरिएको बैंकले जनाएको छ । कास्की, स्याङ्जा र दाङ जिल्लाका ७ ओटा धार्मिक तथा पार्कहरुमा बृक्षारोपण सम्पन्न भएको गरिमा विकास बैंकको उपक्षेत्रिय कार्यालय वालिङका प्रमुख लेखनाथ भट्टराईले बताए ।

बैंकले कास्कीको पोखरा महानगरपालिकाको खोरथापे डाँडा–पुम्दीकोट र तुल्सीघाट पोखरा, स्याङ्जाको चापाकोट नगपालिकाको शिलतटार पार्क, वालिङ स्थित गह्रौकालिका मन्दिर, भीरकोट नगरको छाङ्छाङ्दी मन्दिर परिषर र वालिङ नगरको १४ वालिङ स्कुलर्स फाउण्डेसन क्षेत्रमा बृक्षारोपण गरिएको जनाएको छ । ग्रामिण क्षेत्रमा सडक लैजानेक्रममा अधिकांश क्षेत्रमा वर, पिपल र स्वामीका रुखहरु नासिएका थिए । जसका कारण मानवीय स्वास्थ्य सगँ प्रत्यक्ष जोडिने यी रुखहरु हराउन थालेपछि बैंकले यो अवधारणा अगाडी सारेको हो । अहिले बृक्षारोपण गरिएको क्षेत्रमा बिरुवा हुर्केपछि गरिमा चौपारी बनाउने लक्ष्य समेत रहेको गरिमा विकास बैंकका सिइओ माधव आचार्यले बताए । बैंकको सामाजिक उत्तरदायीत्व भित्र पर्ने वातावरणीय प्रर्यावरण जोगाउने लक्ष्य अनुसार धार्मिक बिरुवा बृक्षारोपण गरिएको उनले बताए । हरिवोधनी एकादशीको अवसर पारेर शुभारम्भ गरिएको यो अभियान देशभर संचालन हुने आचार्यले बताए । झण्डै ५ सय गरिमा चौपारी निर्माण गर्ने र उक्त चौपारीमा तीन धार्मिक बृक्षको शितलता प्रदान गराउने हाम्रो लक्ष्य रहेको बैंकले जनाएको छ ।

गरिमा विकास बैंकले जेष्ठ नागरिकका लागि गरिमा प्रतिक्षालय देखी सामुदायीक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई पोशाक वितरण गरेर सहयोगी भुमिका खेल्दै आएको छ । विद्यालयमा शुद्ध खानेपानी देखी स्वास्थ्य सामाग्रीहरु सहयोग गरेर सामाजिक उत्तरदायीत्वमा उत्कृष्ट भुमिका खेल्दै आएको बैंकले यो पटक वातवरणीय प्रर्यावरण जोगाउन महत्वपूर्ण काम शुरु गरेको छ । वित्तिय कारोवार गरेर नाफा मात्रै कमाउने होइन, सामाजिक उत्तरदायीत्वमा पनि भुमिका हुनुपर्छ भन्ने सन्देश गरिमा विकास बैंकले दिएको छ ।

# त्रिविको उपकुलपतिमा तीन जनाको नाम सिफारिस

**रासस**
काठमाडौं, २३ असार

प्रधानमन्त्री केपी शर्मा ओलीसमक्ष त्रिभुवन विश्वविद्यालयको रिक्त उपकुलपति सिफारिस गर्न गठित समितिले सोमबार तीन जनाको नाम सिफारिस गरेको छ ।

शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री रघुजी पन्तको संयोजकत्वको सो समितिले प्रधानमन्त्री एवं कुलपति ओली समक्ष ती नाम सिफारिस गरेको हो । सिफारिस भएकाहरूमा वर्णानुक्रमअनुसार हालका निमित्त उपकुलपति प्रा डा खड्ग केसी, त्रिविको विज्ञान सङ्कायका पूर्वडीन प्रा डा विनिल अर्याल र जल तथा मौसम केन्द्रीय विभागका पूर्वप्रमुख प्रा डा दीपक अर्याल रहनुभएको छ ।

उपकुलपति प्रा डा केशरजङ्ग बरालले दिनुभएको राजीनामा गत चैत २८ गते स्वीकृत भएपछि गत चैत ३१ गते कुलपति ओलीले शिक्षाध्यक्ष केसीलाई पदपूर्ति नभएसम्मका लागि बढीमा तीन महिनाका लागि उपकुलपतिको जिम्मेवारी दिनुभएको थियो ।कुलपति ओलीले गत जेठ ६ गते शिक्षामन्त्री पन्तको अध्यक्षतामा राष्ट्रिय योजना आयोगका शिक्षा हेर्ने सदस्य र शिक्षा मन्त्रालयका सचिव रहेको सिफारिस समिति गठन गर्नुभएको थियो ।

# कुलिङ ...

सदस्यहरूमा काग्रेसका सुशीला थिङ, नेकपा (एमाले) का नारायणप्रसाद आचार्य र ईश्वरी घर्ती, नेकपा (माओवादी केन्द्र) का माधव सापकोटा, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का गणेश पराजुली र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का रोशन कार्की रहनुभएको छ । समितिले विधेयकका सम्बन्धमा प्रतिनिधिसभाअन्तर्गतको राज्य व्यवस्था तथा सुशासन समितिबाट प्रतिनिधिसभामा पेस भएको प्रतिवेदनमा र समितिमा भएको छलफल, सैद्धान्तिक सहमति, निर्णय, विद्युतीय अभिलेख (अडियो, भिडियो) भन्दा फरक हुनेगरी 'कुलिङ अफ पिरियड' सम्बन्धी व्यवस्था उल्लेख भएकाबारे छानबिन गर्नेछ । सङ्घीय निजामती सेवा विधेयक, २०८० को सम्बन्धमा राज्य व्यवस्था तथा सुशासन समितिबाट प्रतिनिधिसभामा पेस भएको समितिको प्रतिवेदनमा सोसम्बन्धी व्यवस्था मूल विधेयकको व्यवस्थाभन्दा फरक के कारणले हुन गएको हो भन्ने विषयमा छानबिन गर्ने समितिलाई कार्यादेश दिइएको छ । यसैगरी कानुनी तादम्यता नहुनेगरी प्रतिवेदन तयार गर्नेउपर छानबिन गर्ने र समितिबाट तयार भएको प्रतिवेदनमा त्रुटि भएको भन्ने सन्दर्भमा कसको संलग्नता रहेको छ, यकिन गरी त्यस्ता पदाधिकारीलाई कानुनी कारबाही गर्नुपर्ने या नपर्ने विषयमा सुझाव पेस गर्ने भनिएको छ । प्रतिवेदन लेखनलगायत विषयमा देखिएका कमजोरी पत्ता लगाई भविष्यमा यस्ता प्रकृतिका कमीकमजोरी हुन नदिन के कस्तो सावधानी वा उपाय अपनाउनुपर्ने हो सो सम्बन्धसमेत समितिले सुझाव पेस गर्नेछ । प्रचलित कानुनको अधिनमा रही समितिले आफ्नो कार्यविधि आफैं बनाई काम गर्नेछ। समिति गठन भएको मितिले २१ दिनभित्र आफ्नो प्रतिवेदन पेस गर्न भनिएको छ । बैठकमा सभामुख घिमिरेले विशेष समिति गठनसम्बन्धी प्रस्तावमा सभाले सहमति गरेको घोषणा गर्नुभयो ।

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६
छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिल्लाउने,महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते
पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार
जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन
उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

## सुक्तिसुधा

आशा गरिबको सबै भन्दा ठूलो सम्पत्ति हो ।

- एल्फेड डे

## सम्पादकीय

# चिकित्सक संघले कठोर आन्दोलन गर्न सुहाउँदैन

नेपाल चिकित्सक संघले देशभरका अस्पतालमा आकस्मिक बाहेकका सेवा ठप्प पारेको छ। सरकारी अस्पतालमा उपचारका लागि आएकाहरु चिकित्सकीय सेवाबाट वञ्चित भएका छन।उपभोक्ता अदालतले चिकित्सकीय अभ्याससम्बन्धी मुद्दामा सुनाएको फैसलाले नेपाल मेडिकल काउन्सिलको क्षेत्राधिकारमाथि हस्तक्षेप भएको भन्दै नेपाल चिकित्सक संघले सोमबार देशभरका निजी तथा सरकारी अस्पतालमा चिकित्सकले इमर्जेन्सीबाहेकका सेवा ठप्प पारेको छ। संगठित शक्तिले आफ्नो पेशागत आचारसंहिता नाघेर आन्दोलन गर्दा सर्वसाधारण मर्कामा परेका छन । केही दिन अगाडि उपभोक्ता अदालतले उपचारमा लापरबाहीका कारणले बिरामीलाई क्षति पुगेको भन्दै बिरामी र बिरामीका आफन्तको उजुरीमा ओम, हिमाल र ग्रान्डी सिटीगरी तीनवटा अस्पताल र उपचारमा संलग्न चिकित्सकलाई उपचारमा लापरबाही भएको ठहर गर्दै क्षतिपूर्तिको फैसला सुनाएको थियो ।

यो निर्णय सार्वजनिक भएसँगै यसको विरुद्धमा चिकित्सक संघले चरणबद्ध आन्दोलनका कार्यक्रम घोषणा गरेको छ । संघको घोषित कार्यक्रम अन्तर्गत आइतबार आफ्नो कार्यस्थलमा पहिलो एक घण्टा धर्ना दिने, असार २३ गते सोमबार देशभरका स्वास्थ्य संस्थामा आकस्मिक सेवा बाहेक सेवा बन्द गर्ने, चिकित्सकबाट हस्ताक्षर तथा मेडिकल काउन्सिलको प्रमाणपत्र संकलन गरी संघको केन्द्रीय कार्यालय बुझाउने कार्यक्रम तय भएको छ । मंगलबार काउन्सिलमा प्रमाणपत्र फिर्ता गर्नेसम्मको कठोर आन्दोलनका कार्यक्रम घोषणा गरेको छ। उपभोक्ता अदालत र जिल्ला अदालतले चिकित्सक उपर फौजदारी कसुर र क्षतिपूर्ति मुद्दा हेर्न पाउछन्। यि मुद्दा संविधानको धारा ४४ बमोजिम "गुणस्तरहिन बस्तु र सेवा बाट हानी पुगेमा क्षतिपूर्ति पाउने हक हुनेछ" भन्ने मौलिक हक, उपभोक्ता संरक्षण ऐन २०७५ को कार्यनयन हो मौलिक हक र कानुनी हक विरुद्ध चिकित्सक लगायत कोहि जान मिल्दैन । उपभोक्ता ऐन र नजिर बमोजिम सेवाको परिभाषा भित्र "चिकित्सा सेवा" पर्दछ । त्यसैले चिकित्सक विरुद्ध उपभोक्ता अदालत र जिल्ला अदालतले फौजदारी र देबानि दुबै मुद्दा हेर्न मिल्छ। उपभोक्ता अदालतले हालै गरेका फैसला सम्बन्धमा हालसम्म फैसलाको पुर्ण पाठ नै तयार भएको छैन। पुर्ण पाठ नै तयार नभई यो बन्द हडताल धम्की सम्बन्धि काम भइरहेको छ।

उपभोक्ता अदालतले चर्चामा रहेका तिन फैसलाहरु गर्दा नेपाल मेडिकल काउन्सिलले पठाएको विशेषज्ञ चिकित्सकको लिखित राय र ति विशेषज्ञले उपभोक्ता अदालतमा गरेको बकपत्रको आधारमा फैसला गरेको छ। यि मुद्दामा काउन्सिल सग्लन छैन काउन्सिललाई जानकारी छैन भन्ने कुरामा सत्यता छैन। चिकित्सक सघका महासचिव सन्जिब तिवारी को पत्नी डा जोत्सना शर्माको मुद्दा पनि उपभोक्ता अदालतमा रहेको हुँदा आन्दोलन कडा बनाउनु स्वार्थको द्वन्द्व हो।

चिकित्सा सेवा अत्यावश्यक सेबा हो । मुलुकी अपराध सहिता को दफा ६८ बमोजिम अत्यावश्यक सेवामा बन्द हडताल गर्न र सेवा बन्द गर्न पाइदैन गरेमा तिन बर्षसम्म कैद र तिस हजार जरिवाना हुन्छ। बन्द हडताल गर्ने र सेवा बन्द गर्ने काम कानुनी शासनको खिलाफ हो । मञ्च बादी भइ अदालतको अपहेलना मुद्दा चलिरहेको अबस्थामा मुद्दा प्रभावित हुने गरि सेवा बन्द गर्न हुदैन । चिकित्सकहरुले उपभोक्ता अदालतको फैसला सम्मान गर्नुपर्छ , प्रतिबादि वा बादि कसैलाई चित्त नबुझे फैसला उपर पुनराबदेन गर्ने कानुनी हक छ। त्यो कानुनी बाटो उपयोग नगरी गरिएको काम गैरकानुनी छ । चिकित्सक उपर कुनै कानुनले मुद्दा लाग्नु हुदैन, भन्ने कुरा कानुनी शासन माथिको गम्भीर उपहास हो । सरकारले चिकित्सकले उठाएका जायज सरोकारलाई गम्भीरतापूर्वक लिनुपर्छ । बन्द हडताल समस्याको समाधान होइन ।वार्ता र संवाद अनि कानुनी बाटोबाटै समाधान छ भन्ने कानुन व्यवसायीले बुझाउन आवश्यक छ।

## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : ब्यापारमा लाभ | तुला | : कार्यमा सफलता |
| वृष | : शत्रुको भय | वृश्चिक | : सहयोग मिल्नेछ |
| मिथुन | : झमेला बढ्ने | धनु | : अप्रत्यसित लाभ |
| कर्कट | : शुभ यात्रा | मकर | : सत्कार मिल्नेछ |
| सिंह | : स्वास्थ्यमा सुधार | कुम्भ | : शारीरिक झमेला |
| कन्या | : आर्थिक समस्या | मीन | : मानसिक तनाब |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।

# पर्यटकीयस्थल घोडेपानी जोड्ने सडक स्तरोन्नति

**पोखरापत्र संवाददाता**
म्याग्दी, २३ असार

म्याग्दीको अन्नपूर्ण गाउँपालिका-६ मा रहेको पर्यटकीयस्थल घोडेपानी जोड्ने सडक स्तरोन्नति थालिएको छ।

गण्डकी प्रदेश सरकार, भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय अन्तर्गतको पूर्वाधार विकास कार्यालय म्याग्दीले अन्नपूर्ण गाउँपालिका-६ मा पर्ने चित्रेदेखि घोडेपानी जोड्ने सडक स्तरोन्नति सुरु गरेको हो।

पूर्वाधार विकास कार्यालय म्याग्दीका प्रमुख विष्णु पौडेलले ठेकेदार कम्पनीले सडक स्तरोन्नतिका लागि फराकिलो बनाउने काम थालेको बताउनुभयो। विसं २०८१ कात्तिक १४ गते रु दुई करोड २३ लाख ९६ हजारमा विकेश जय दुप्चे जेभीले ठेक्का सम्झौता गरेको थियो।

चालु आर्थिक वर्षमा रु ७० लाख विनियोजन भएको यस योजनाका लागि प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८२/८३ का लागि रु ७५ लाख विनियोजन गरेको छ। यो योजनामार्फत चित्रेदेखि घोडेपानीसम्म चार किलोमिटर दुरीमा फराकिलो पार्ने, ग्रेड तथा घुम्ती सुधार गर्ने, नाली र टेवा पर्खाल बनाएर सडकलाई ग्राभेल गरिने भएको छ।

विसं २०७५ मा गण्डकी प्रदेश सरकारको बजेटबाट मार्ग खुलेको सडक सात वर्षपछि स्तरोन्नति थालिएको हो । सडक सहज भएपछि घोडेपानी-पुनहिल क्षेत्रमा पर्यटक आगामन बढ्ने, स्थानीयवासीलाई आवतजावत गर्न सहज हुने घोडेपानीका बासिन्दासमेत रहनुभएका अन्नपूर्ण गाउँपालिकाका पूर्व अध्यक्ष डमबहादुर पुनले बताउनुभयो।

गाउँपालिकाको केन्द्र पोखरेबगरदेखि चित्रे जोड्ने १८ किलोमिटर सडक सङ्घीय सरकारमार्फत गतवर्ष स्तरोन्नति भएको थियो । म्याग्दी १(१) बाट निर्वाचित गण्डकी प्रदेशसभा सदस्य हरिबहादुर भण्डारीका अनुसार प्रदेश सरकारले आर्थिक वर्ष २०८०/८१ मा रु तीन करोड बजेटको स्रोत सुनिश्चितता गरेर बहुबर्षीय ठेक्का लगाइएको हो। विसं २०८० मङ्सिर दोस्रो हप्ता घोडेपानीमा भएको भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयको समीक्षा कार्यक्रममा सहभागी हुन आउनुभएका प्रदेश सरकारका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले तत्कालीन भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्थामन्त्री रेशमबहादुर जुग्जालीको प्रस्तावमा चित्रे घोडेपानी सडक स्तरोन्नति गर्न वर्ष बहुबर्षीय ठेक्का प्रक्रिया सुरु गर्ने घोषणा गर्नुभएको थियो।

कास्कीको नयाँपुल, तिखेढुङ्गा, उल्लेरी हुँदै म्याग्दीको घोडेपानी जोड्ने सडक पोखरा बेनी जोमसोम सडकको पर्वत पोखरेबगर खण्डको वैकल्पिक बनाउन सकिने सम्भावना छ । अन्नपूर्ण चक्रिय पदमार्गमा पर्ने घोडेपानी पुनहिल दृष्य अवलोकनका लागि प्रसिद्ध छ। यहाँ वार्षिक ३० हजारजना भन्दा बढी विदेशी पर्यटक भ्रमणमा आउँछन्।

# माग भन्दा उत्पादन बढी भएपछि ह्याचरी उद्योगद्वारा चल्ला उत्पादन बन्द

**रासस**
काठमाडौं, २३ असार

नेपाल ह्याचरी उद्योग सङ्घले आजदेखि यही असार २९ गतेसम्म कुखुराको चल्ला उत्पादन तथा बिक्रीवितरण बन्द गरेको छ ।

सङ्घमा आवद्ध उद्योगीलाई ब्रोइलर र कलर ब्रोइलर (कोइलर) कुखुराको चल्ला उत्पादन तथा बिक्री गर्न पूर्णरूपमा रोक लगाएको हो । चल्ला उत्पादक किसानले लागत अनुसार मूल्य नपाएपछि सङ्घले एक साता उत्पादन तथा बिक्रीवितरण बन्द गरेको जनाएको छ । सङ्घका वरिष्ठ उपाध्यक्ष राजेन्द्र लामिछानेका अनुसार उत्पादित चल्ला र मासुले मूल्य नपाएपछि एक साताका लागि उत्पादन बन्द गरिएको हो । उहाँले भन्नुभयो, "व्यवायीले चल्लाको उत्पादन मूल्य भन्दा कममा बेच्नुपर्ने र बिक्रीनै नहुने अवस्थामा पुगेपछि अहिलेको अवस्था आएपछि हामीले चल्ला उत्पादन बन्द गरेका हौँ ।" अहिले नेपालमा ५३ ह्याचरी उद्योग सञ्चालनमा रहेका छन् । कोभिड अघिसम्म तीन सय ७० को हाराहारीमा उद्योग सञ्चालनमा रहेका थिए। नेपालमा अहिलेको बजार खपत सातामा रु २० लाखदेखि २२ लाख मात्रै रहेको भए पनि उत्पादन भने सातामा ३० देखि ३५ लाख हुने गरेको छ। माग भन्दा उत्पादन बढी भएपछि समस्या आएको हो । चल्ला बिक्री नहुँदा सञ्चालनमा रहेका ह्याचरी उद्योगसमेत धारासाही भएका छन्। उत्पादित चल्ला रु १० देखि १५ मा बेच्नुपर्ने भएपछि उद्योग बन्द गरिएको हो। ब्रोइलर चल्लाको लागत मूल्य रु ६० पर्न आउँछ। हरेक आइतबार र बुधबार ब्रोइलर र कोइलरका चल्ला उत्पादन गरिँदै आएको छ।

# एनएसपीएल टी-१० क्रिकेट प्रतियोगिता हुँदै

**रासस**
काठमाडौं, २३ असार

'डिजीआर स्पोर्ट्स एन्ड इभेन्ट म्यानेजमेन्ट प्रालि'को आयोजनामा टी-१० क्रिकेट प्रतियोगिता 'नेपाल स्ट्रिट प्रिमियर लिग (एनएसपीएल)' हुने भएको छ।

आगामी असोज १५ देखि २४ गतेसम्म आयोजना हुने उक्त प्रतियोगितामा विभिन्न सात टोलीको सहभागिता रहने आज यहाँ आयोजित पत्रकार सम्मेलनमा जानकारी दिइयो । आयोजक संस्थाका अध्यक्ष जानु सिंहले सिङ्गल राउन्ड रोविन लिगको आधारमा हुने उक्त प्रतियोगितामा कूल २४ खेल हुनेछन् । प्रतियोगिताका खेल भने काठमाडौंको मूलपानीस्थित तल्लो मूलपानी क्रिकेट मैदानमा हुनेछन् । उक्त प्रतियोगिताको 'ब्रान्ड एम्बासडर'को रूपमा अभिनेता निखिल उप्रेती हुनुहुन्छ। 'स्ट्रिटदेखिस्टेडियमसम्म' भन्ने मूल नाराका साथ आयोजना हुने उक्त एनएसपीएलको विजेता टोलीले रु २१ लाख तथा उपविजेताले रु ११ लाख प्राप्त गर्नेछन् । प्रतियोगिताको उद्देश्य देशभरका उदीयमान क्रिकेट खेलाडीहरूलाई राष्ट्रियस्तरमा प्रतिभा देखाउन 'प्लेटफर्म' दिने रहेको आयोजकले जनाएको छ।

# सित्तलेस्वाँराबाट जहाज चढ्ने लमजुङवासीको सपना अधुरै

**पोखरापत्र संवाददाता**
लमजुङ, २३ असार

बेँसीसहर नगरपालिका-९ बिम्दाबेँसीका सेवा निवृत्त भारतीय सेनाका सुवेदार गोपीप्रसाद गुरुङलाई हिजो झैँ लाग्छ, २१ वर्षे लक्का जवानीमा पहिलो छुट्टी लिएर घर फर्किँदा बुवा, छरछिमेकी र आफन्तहरु सबै नाल्माको सित्तलेस्वाँरामा हवाइ मैदान खन्न लर्को लागेर गएका थिए।

केही दिन उहाँ पनि त्यहाँ पुग्नुभयो । सित्तलेस्वाँरा आसपासका बाग्लुङपानी, नाल्मा, गाउँसहर, पुरानकोटबाट मात्रै नभएर आसपासका तुर्लुङकोट, सिन्दुरे, दुराडाँडादेखिका धेरै गाउँलेहरु डोको र ढाकरमा सामल, तुमल, गल, गैंती, कुटो कोदालो, हँसिया, खुर्पा, बञ्चरो बोकेर हवाई मैदान खन्न जुटेका थिए। यो ६० वर्षअघिको कुरा हो । उहाँलाई त्यतिखेर सित्तलेस्वाँरामा श्रमदान गर्न जुटेका गाउँले देख्दा चैतेदसैँको मेला लागे जस्तै लागेको थियो। कोही खन्ने, कोही रुख बुट्यान फाँड्ने त कोही ढुङ्गा माटो फाल्ने । उनीहरुको एउटै सपना थियो, केही दिनमै मैदान तयार गर्ने र जहाज आएपछि पक्कै चढ्न पाइएला । तर विडम्बना जिल्लावासीको सपना अझै साकार भएको छैन।

विसं २०२१/२२ मा साविक नाल्मा गाविस-२, हालको बेँसीसहर नगरपालिका-५ सित्तलेस्वाँरामा विमानस्थल निर्माण थालिए पनि आवश्यक बजेट विनियोजन नहुँदा खेलमैदान र गौचरनमा सीमित बनेको छ । स्थानीयले उत्साह देखाए पनि सरकारले निर्माण पूरा गर्न आवश्यक बजेट विनियोजन नगरेपछि सो योजना सम्पन्न हुन नसकेको हो । स्थानीयले हवाइ मैदानका लागि आवश्यक मैदान भने खनेका थिए । तत्कालीन राष्ट्रिय पञ्चायत सदस्य दुराडाँडाका श्रीकान्त अधिकारी हेलिकप्टरमा आएर रु तीन हजार तीन सयमा मौखिक ठेक्का दिएका थिए। बाखेजगतका स्थानीयहरुका अनुसार अधिकारीले ठेक्का दिएसँगै पुनः बाखेजगत, नाल्मा, पुरानकोट, गाउँसहर, बाग्लुङपानीलगायत विभिन्न गाउँकाले श्रमदान गरेका थिए । निर्माण सुरु भएको ४३ वर्षसम्म अलपत्र परेपछि नाल्मा, पुरानकोट, गाउँसहर, बाग्लुङपानीका स्थानीयको अगुवाइमा विसं २०६४ माघमा निर्माण समिति दर्ता गरेर सम्पन्न गर्ने पहल भएको तत्कालिन निर्माण समितिका अध्यक्ष श्यामबहादुर गुरुङले बताउनुभयो । उहाँकै पहलमा नेपाल नागरिक उड्डयन प्राधिकरणले आर्थिक वर्ष २०६४/६५ मा रु १८ लाख ३० हजार विनियोजन गरेको थियो। जिविस, गाविसलगायतबाट रु सात लाख जुटाएर पहिलो चरणमा करिब रु २५ लाख बराबरको काम भएको थियो । आर्थिक वर्ष २०६५/६६ मा दोस्रो चरणमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबाट रु २० लाख र नेपाल नागरिक उड्डयन प्राधिकरणबाट रु १५ लाख उपलब्ध गराइएको थियो। मैदान फराकिलो बनाउने, पर्खाल उठाउने, स्थानीयले उपभोग गर्दै आएको खानेपानीको लाइन स्थानन्तरण तथा व्यवस्थापन गर्ने गरी दुई चरणमा कूल रु ६० लाख बराबरको काम भएको समितिको तथ्याङ्कमा देखिन्छ। पृथ्वीसुब्बा गुरुङ संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री हुँदा हवाइ मैदान निर्माणका लागि बजेट विनियोजन गरेको निर्माण समितिका अध्यक्ष गुरुङको भनाइ छ । उतिबेला मन्त्री गुरुङकै निर्देशनमा नागरिक उड्डयन प्राधिकरणका प्राविधिक समुहले विमानस्थलको विस्तृत अध्ययनसमेत गरेका थिए । ट्वीनअटर विमानका लागि कूल ८५० मिटर लम्बाइ, १५० मिटर चौडाई अर्थात् २४५ रोपनी क्षेत्रफलको मैदान निर्माण गर्नुपर्ने नक्सा प्राविधिक समूहले तयार पारेको थियो । करिब ५० प्रतिशत कामसमेत सम्पन्न भएको थियो।

तर बाँकी कामका लागि कुनै निकायबाट बजेट विनियोजन नगरिएको निर्माण समितिका अध्यक्ष सुबेदार गोपीप्रसाद गुरुङको भनाइ छ । बजेट अभावमा काम रोकिएपछि अहिले सो मैदान स्थानीयका लागि गौचरन र खेलमैदान बनेको हो । सोही मैदान हुँदै बेँसीसहर-नाल्मा सडक निर्माण भएको छ । जिल्लामा हवाईमैदान आवश्यक भएकाले आफूले सुरुवातदेखि पहल गर्दै आएको र गर्न सक्ने वातावरण मिल्दासम्म प्रयास गरिरहने सञ्चार तथा सूचना प्रविधिमन्त्री एवं जिल्लाका सङ्घीय सांसद पृथ्वीसुब्बा गुरुङले बताउँदै आउनुभएको थियो । उहाँले निर्वाचनमा समेत हवाइ मैदानको एजेण्डालाई प्राथमिकतामा राख्नुभएको थियो। तर पछिल्लो समयमा उहाँले समेत सो हवाइ मैदान बन्न नसक्ने बताउनुभएको निर्माण समितिका अध्यक्ष गुरुङ बताउनुहुन्छ।

"जहाज आउला र चढौँला भन्ने आशा राखेका अघिल्लो पुस्ता त सबै बितेर गइसक्नु भयो", अध्यक्ष गुरुङले भन्नुभयो, "सायद अब लमजुङवासीले आफ्नै विमानस्थलबाट जहाज चढ्ने रहर पूरा नहुने रहेछ।"

# च्युरीबोटमा केन्द्रीय प्रसारण लाइनको बिजुली

**पोखरापत्र संवाददाता**
म्याग्दी, २३ असार

म्याग्दीको मालिका गाउँपालिका-४ च्युरीबोटमा विद्युतीकरण भएको छ।

नेपाल विद्युत् प्राधिकरणले सञ्चालन गरेको 'उज्यालो म्याग्दी' कार्यक्रमअन्तर्गत च्युरीबोटमा केन्द्रीय लाइनको विद्युत् सुविधा विस्तार भएको हो। प्राधिकरणको म्याग्दी वितरण केन्द्रका सूचना अधिकारी प्रकाश झाले च्युरीबोटका १३० घरमा विद्युतीकरण गरिएको जानकारी दिनुभयो।

मुख्य, शाखा लाइनको पोल गाड्ने, तार तान्ने, एक सय केभिए क्षमताको ट्रान्सफर्मर जडानका साथै घरघरमा वायरिङ र मिटरबक्स जडान भएपछि विद्युत् आपूर्ति गराउन थालिएको उहाँले बताउनुभयो।

च्युरीबोटका बासिन्दाले यसअघि उज्यालोका लागि दाजुङखोला लघुजलविद्युत् परियोजनाको विद्युत् प्रयोग गर्दै आएका थिए। केन्द्रीय लाइनको विद्युत् सुविधा भएपछि उज्यालोका साथै घरायसी काम, विद्यालयमा कम्प्युटर विषयमा पठनपाठन, मोबाइल, टेलिभिजनलगायत विद्युतीय उपकरण प्रयोग र इन्टरनेट सेवा प्रयोगमा सहज भएको च्युरीबोटका बासिन्दा रेशम पुनले बताउनुभयो।

म्याग्दीका १४ स्थानका दुई हजार १८३ घरधुरीमा राष्ट्रिय प्रसारण लाइनको विद्युत् सुविधा विस्तारका लागि प्राधिकरणले आर्थिक वर्ष २०८०/८१ देखि रु २२ करोड बजेटको योजना सञ्चालन गरेको छ। यस योजनामार्फत यसअघि मालिका गाउँपालिका-१ निस्कोट, २ रुम, ३ डाडागाउँ, पात्ले, वडा नं ४ ओखरबोटका ६००, धवलागिरि गाउँपालिकाको मलम्पारका ६० र बुलका ३० घरमा विद्युतीकरण भइसकेको छ।

धवलागिरि गाउँपालिकाको लुलाङमा मिटरबक्स जडानको काम भइरहेको छ । मालिका गाउँपालिकाको महभिर र धवलागिरि गाउँपालिकाको मल्कवाङमा विद्युतीकरणको काम अन्तिम चरणमा पुगेको नेपाल विद्युत् प्राधिकरण बेनी वितरण केन्द्रका प्रमुख सत्यनारायण गामीले बताउनुभयो।

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १३ पैयारा पानी चिसापानी विजयपुर सडक निर्माण गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

योजनाको नामः पैयारा पानी चिसापानी विजयपुर सडक
ठेगानाः पोखरा-१३
योजना सम्झौता मितिः २०८१/०८/१७ गते
योजना शुरु मिति : २०८१/०८/१८ गते
योजना सम्पन्न मितिः २०८२/०२/२५ गते
योजनाको कुल लागतः रु. २९,४१,४८४.५६
महानगरपालिकाबाटः रु. २५,००,०००।-
जनसहभागिताबाटः रु. ४,४१,४८४.५६
उपभोक्ता समिति अध्यक्षः धन कुमारी गुरुङ
सम्पर्क नं.: ९८२७१२१९१८
उपभोक्ता समिति सदस्यः ७ जना महिलाः ३ पुरुषः ४ जना

**पैयारा पानी चिसापानी विजयपुर सडक निर्माण उपभोक्ता समिति पोखरा-१३**

# रैथाने धान हराउने चिन्ता

वासुदेव पौडेल
गण्डकी, २३ असार

कास्कीका पोखरा महानगरपालिका-२९ पटनेरीमा करिब डेढ दशक अघिसम्म अधिकांशतः खेतमा पहेँले धान फल्ने गर्दथ्यो । तर अहिले त्यहाँको फाँटमा पहेँले धान पाउन मुस्किल छ।

डेढ दशकको अन्तरालमा नै यहाँको फाँटमा पहेँले धान लगभग लोप जस्तै भइसकेको यहाँका स्थानीयवासी बताउँछन् । पहेँले धानका विकल्पमा यहाँका खेतमा कृषकले नयाँ उन्नत जातका धान लगाउने गरेका छन् । पटनेरी जस्तै कास्कीकै पोखरा महानगरपालिका-३३ भरतपोखरीको खुर्वादी, छहरालगायत स्थानमा विगतमा लगाउने गरिएको बिरेनफुल जातको धान अहिले लोप नै भइसकेको छ। यहाँ लगाइने अन्य मधेशे, गुर्दी, जरनेली, मन्सरा जस्ता धानका विकल्पमा अन्य धान लगाउने गरिएको छ । कृषि प्रतिको बढ्दो अनिच्छासँगै थोरै क्षेत्रफलमा धेरै धान उत्पादन गर्ने स्थानीयको इच्छाले परम्परागत धान लोप हुँदै गएको कृषक बताउँछन्। परम्परागत रैथाने औषधीय गुण भएका धानका बीउ लोप हुँदै जानु यतिखेर चिन्ताको विषय बनेको छ । तालैतालले भरिएका कास्कीका ताल किनारमा विगतमा पाइने जङ्गली धान नाभो त लगभग एकादशको कथा जस्तै बनिसकेको छ । धानको अति प्राचीन प्रजाति नाभोबाटै अन्य धानको विकास भएको विश्वासका आधारमा यसलाई धानको जननीका रूपमा समेत लिने गरिएको छ । रैथाने प्रजातिका धानका बिउको संरक्षण गर्न लिबर्डका तर्फबाट स्थानीय समूदायलाई नै सहभागी गराएर विभिन्न प्रयास भइरहेको लिबर्डका प्राविधिक इन्द्र पौडेलले जानकारी दिनुभयो । उहाँका अनुसार समूदायकै सकृयतामा बेगनास क्षेत्रमा ४० भन्दा बढी जातका रैथाने धानको संरक्षण गर्ने काम भइरहेको छ।

कास्कीकै आर्वा क्षेत्रमा ६/७ जातका रैथाने धानको बिउ संरक्षणको पहल भइरहेको उहाँले जानकारी दिनुभयो । कास्कीकै अन्नपूर्ण गाउँपालिकाका विभिन्न ४७ रैथाने जातको धानको बिउ संरक्षणका लागि काम भइरहेको का प्राविधिक पौडेलको भनाइ छ। रैथाने जातमा अधिकांशमा रोगसँग लड्ने क्षमता कम हुने गरेका कारण रोग प्रतिरोधी जातसँग क्रसिङ गरेर परम्परागत जातहरू संरक्षण गर्ने गरिन्छ । लोपोन्मुख जातको संरक्षणका लागि बीउ सङ्कलन गरी खुमलटारस्थित जिन बैंकमा राख्ने गरिएको छ।

रैथाने जातका धान तथा बाली विस्तारै लोपोन्मुख बन्न थालेपछिलेखनाथकोसुन्दरीडाँडामा जैविक विविधता कृषि सूचना केन्द्र स्थापना गरी त्यहाँबाट पनि संरक्षणको पहल भइरहेको छ । उक्त केन्द्रले धान बालीका साथै, कोदो, तरकारीलगायतका कृषिजन्य उत्पादनका परम्परागत प्रजातिको बीउ संरक्षण गर्ने गरिएको छ । रैथाने जातको संरक्षणका लागि पछिल्लो समय कृषकको सकृयता बढेको पाइन्छ।

उपत्यका, तालतलैया र सिमसार क्षेत्रजस्ता विविधतायुक्त भू-बनोट पाइने कास्कीमा ५० भन्दा बढी जातका स्थानीय धान लगाउने गरिए पनि विस्तारै राम्रो उत्पादनका लागि कृषक हाइब्रिड धानतर्फ आकर्षित बन्ने गरेका सुरौदीका अगुवा कृषक रमेश आचार्यले बताउनुभयो।

"सुरौदी र आसपासका क्षेत्रमा विगतमा लगाउने बातिसरा, मानामुरी, मधेशे, गुर्दी जस्ता धान अहिले पाइँदैन", उहाँले भन्नुभयो, "पछिल्ला समयमा राम्रो उत्पादन लिने सोचका साथ यस क्षेत्रमा हाइब्रिड धानको बिउ नै लगाउने गरिएको छ।" रसायनिक मलको बढ्दो प्रयोगसँगै धानमा रहेका मौलिक गुण पनि हराउँदै गएको उहाँले बताउनुभयो । विगतमा पटनेरी फाँटमा फुल्ने पहेँले धान खेतमा नै हरहर बास्ना आउने गरेकामा अहिले भने रासायनिक मलकै प्रयोगका कारण भान्छामा पनि वास्ना आउन छोडेको स्तानीय बताउँछन् । कास्कीका ताल तलैयाको छेउमा लगाइने गरेका समुद्र फिङ्जा, नाभो, आँगा, बले, कृष्णभोग, जिरासरी र फल्याङकोटे धान लोप नै भइसकेको छ। समुद्री सतहबाट करीब ३०० मिटरदेखि ६०० मिटरको उचाइमा फल्ने यी धान यहाँका प्राचीन रैथाने जात हुन् । पछिल्ला वर्षमा गौरिया, बिरम्फुल, आँगा, रमनी, रुदुवा मार्सी जस्ता धान देखिन छोडेका छन्। नयाँ जातका धानको आगमनसँगै परम्परागत रूपमा रोपिने पोखरेली पहेँले, मनसरा, ठिमाहा, ताकमारे, खोलेमार्सी, आँपझुत्ते, झिनुवा, अनदी, गुर्दी, मानामुरी, कन्जीरा, मन्सुली, तौली, खाल्टेखोले, गोला, कोदे, गुडुरा, जर्नेली, गौरिया, बर्मेली, एक्लेजस्ता धान विस्थापित नै भइसकेको कृषकहरू बताउछन् ।

कम उचाइमा हुने गरेका काठे गुर्दी, तौली, फालो, पहेंले, लहरे गुर्दी, घैया, कालो झिनुवा, माला, विमरफुल, भट्ट, अँधेरे, काँडे, कालो बयर्नी, कालो अनदीलगायतका धान पनि पछिल्लो समय विस्थापित भइसकेका छन्। पछिल्ला समयमा जिल्लामा सुधारिएको जेठोबूढो, खुमल, राधा सात, राधा नौ, सावित्री, मनसुली, पहेँले जस्ता धान धेरै मात्रामा रोप्ने गरिएको छ । बास्नायुक्त र औषधीय गुण भएका धान छोड्दै उत्पादन बढी लिने सोचका साथ कृषक हाइब्रिड जातका धानमा लोभिने क्रम बढेका कारण पनि हाइब्रिडले रैथाने जातलाई विस्थापन गर्दै गएको हो।

विगत वर्षमा पर्याप्त धान उत्पादन हुने पोखराका बिरुवा फाँट, कुँडहर, लेखनाथको सिशुवा, पटनेरीलगायतका स्थानमा बढ्दो प्लटिङका कारण धान खेतीमा कमी आउन थालेको छ । रैथाने जातको संरक्षणसँगै सकेसम्म स्थानीय जातको प्रवर्द्धन होस् भन्ने कुरामा महानगरपालिका गम्भीर रहेको पोखरा महानगरपालिका कृषि विकास शाखाका प्रमुख मनहर कडरिया बताउनुहुन्छ।

महानगरपालिकाले पोखराको पहिचानका रूपमा रहेको पोखरेली जेठोबुढोको प्रवर्द्धनसँगै प्रयोग बढाउने कुरामा लागेको उहाँले बताउनुभयो । यस वर्ष महानगरपालिका क्षेत्रमा सात हजार ५०० किलोग्राम पोखरेली जेठोबुढोको धानको बिउ अनुदानमा कृषकलाई उपलब्ध गराएको उहाँले बताउनुभयो।

# नदी कटान नियन्त्रण गर्न ग्याबिन पर्खाल

पोखरापत्र संवाददाता
तनहुँ, २३ असार

व्यास नगरपालिकास्थित शिसाखोला-बुल्दीखोला, छबिसेदेखि घाँसीकुवासम्म नदीले कटान हुने जोखिम क्षेत्रमा संरक्षणका लागि ग्याबिन पर्खाल निर्माण गरिएको छ । व्यास नगरपालिका-११ र १२ को छबिसेको बाँधदेखि बुल्दीखोला किनारसम्म डेढ किलोमिटर दूरीमा पर्खाल निर्माण गरेको हो।

उक्त स्थानमा पर्खाल निर्माण गर्दा डेढ हेक्टर जमिन उकासिएको जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय प्रमुख मोहनराज आचार्यले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "नदी कटानका उच्च जोखिम भएका क्षेत्रमा वाल निर्माण कार्यले छवटा सिँचाइ योजनाका बाँध संरक्षण र खेत कटान नियन्त्रणमा सहयोग पुगेको छ।"

करिब २० मिटर नदीको भाग छाडेर ग्याबिन पर्खाल निर्माण गरिएको छ, जसले खेतीयोग्य जमिन संरक्षणमा सहयोग मिलेको छ । "गत वर्ष असार महिनामा सम्झौता भएको र वर्षायामका कारण निर्माण कार्य अघि बढाउन सकिएको थिएन," उहाँले भन्नुभयो, "चालु आर्थिक वर्षको मङ्सिर महिनाबाट काम सुरू गरी निर्माण कार्य सम्पन्न गरिएको छ।" पर्खाल निर्माणको जिम्मा मनकामना गुरुङ निर्माण सेवाले पाएको छ । उक्त निर्माण कम्पनीले रु एक करोड २५ लाखमा ठेक्का सम्झौता गरी काम अघि बढाएको थियो। उहाँले भन्नुभयो, "यस वर्ष निर्माण कम्पनीलाई रु ९० लाख विनियोजन गरिएको छ, बाँकी रु ३५ लाख आउँदो वर्ष भुक्तानी गर्ने योजना रहेको छ।"

कार्यालयबाट सम्झौता गरी निर्माणका चरणमा रहेका ७६ योजनामध्ये पाँच योजनाको निर्माणसम्पन्न भइसकेको छ, सालबसालीका योजना बजेटअनुरूप सबै सम्पन्न गरिनेछ।

बहुबर्षीय र स्रोत सुनिश्चित नभएकाबाहेक ९५ प्रतिशत योजना सम्पन्न गर्ने लक्ष्यका साथ निर्माण कार्यलाई तीव्रता दिइएको कार्यालय प्रमुख आचार्यले बताउनुभयो।

# क्रिकेटमा प्राप्त सफलता खेलाडीको समर्पण, लगाव र मेहनतको प्रतिफल: राष्ट्रपति

रासस
काठमाडौं, २३ असार

राष्ट्रपति रामचन्द्र पौडेलले नेपालीमा बढ्दो क्रिकेट खेलप्रतिको क्रेज र पछिल्लो समय नेपाली खेलाडीले पाएको सफलता प्रशंसनीय भएको बताउनुभएको छ । एसीसी यु-१६ इस्ट जोन कप क्रिकेट प्रतियोगिताको विजेता नेपाली टोलीलाई सोमबार शीतल निवासमा बधाई दिँदै उहाँले क्रिकेटमा नेपालीले हात पारेको सफलता खेलाडीको खेलप्रतिको समर्पण, लगाव र मेहिनतको प्रतिफल भएको उल्लेख गर्नुभयो।

उहाँले सिङ्गापुरसँग भएको फाइनलमा एसिसी यु-१६ इस्ट जोन कप क्रिकेट प्रतियोगिताको उपाधि जितेर मुलुकको प्रतिष्ठा उँचो बनाएको भन्दै यसले नेपाल र नेपालीको इज्जत, प्रतिष्ठा बढाएको स्पष्ट पार्नुभयो । राष्ट्रपति पौडेलले हामीले हाम्रा परम्परागत खेललाई पुरष्कृत, विकास र विस्तार गर्दै अन्तरराष्ट्रिय प्रतियोगितामा समावेश गराउन सकियो भने एकतर्फ देशको इज्जत र प्रतिष्ठा बढाउन सकिने उल्लेख गर्नुभयो। उहाँले देशभित्रै खेलकुदका लागि आवश्यक पूर्वाधार तथा प्रतियोगिता र प्रशिक्षण बढाएर देश विदेशमा प्रतिस्पर्धा गर्न सक्ने दक्ष खेलाडी उत्पादनमा हामी सबैको ध्यान जान आवश्यक रहेको बताउनुभयो।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं ३० स्थित सिसुवा भित्री सडक स्तरोन्नति अन्तर्गत नाला निर्माण कार्य गर्दा भएको सम्पूर्ण आम्दानि खर्च बारे सरोकारवालाहरुको लागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

योजनाको नाम - सिसुवा भित्री सडक स्तरोन्नति
योजनाको कुल लागत : रु १७,६५,८१३.९६
वडा कार्यालयबाट प्राप्त हुने रकम : रु १५,००,०००
उपभोक्ता (जनसहभागिताबाट): रु. २,६५,८१३.९६
जम्मा खर्च रकमः रु. ७,८८,१२१.९८
योजना सम्झौता मितिः २०८१/११/२० गते
योजना सुरु हुने मिति : २०८१/११/२८ गते
योजना सम्पन्न मिति : २०८२/०३/२० गते
उपभोक्ता समिति सदस्य संख्या : ७, महिलाः ३, पुरुषः ४
अध्यक्ष टिकाराम चापागाई : सम्पर्क नं.९८०४१७६१५०

**सिसुवा भित्री सडक स्तरोन्नति उपभोक्ता समिति पोखरा-30**

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १५ लक्ष्मी टोलदेखि फलेपाटनसम्म सिंचाई कुलो निर्माण कार्य गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

योजनाको नामः लक्ष्मी टोलदेखि फलेपाटनसम्म सिंचाई कुलो निर्माण
ठेगानाः पोखरा-१५
योजना सम्झौता मिति : २०८२/०१/२६ गते
योजना सुरु हुने मितिः २०८२/०१/२७ गते
योजना सम्पन्न हुने मितिः २०८२/०२/३१ गते
योजनाको कुल लागतः रु.४,२५,५१५.७२
महानगरपालिकाबाटः रु. ३,६०,०००।-
जनसहभागिताबाटः रु. ६५,५१४.८७
उपभोक्ता समिति अध्यक्षः गोविन्द बहादुर थापा
सम्पर्क नं.: ९८५६०२१४६९
उपभोक्ता समिति सदस्यः ७ जना महिलाः ४ पुरुषः ३ जना

**लक्ष्मी टोलदेखि फलेपाटनसम्म सिंचाई कुलो निर्माण उपभोक्ता समिति पोखरा-१५**

## नागरिक पारदर्शिताको लागि सार्वजनिक सूचना

**पोखरा महानगरपालिका वडा नं. २५ मिलनचोक देखि गैरीसम्म नाला निर्माण गर्दा निम्न अनुसारको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारी तथा नागरिक पारदर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ।**

**योजनाको नाम : गैरी नाला निर्माण**
**उपभोक्ता समितिको नाम : मिलनचोक गैरी नाला निर्माण उपभोक्ता समिति, पोखरा-२५, कास्की**
**योजना सम्झौता मिति : २०८१/१२/११**
**योजना सुरु मिति : २०८१/१२/१८**
**योजना सम्पन्न भएको मिति : २०८२/०२/३१**
**महानगरपालिकाबाट : रु. २०,००,०००/-**
**जनसहभागिता : रु. ३,५३,३१०/५७**
**योजनाको कुल लागत : रु. २३,५३,३१०/५७**
**समिति सदस्य संख्या : ७, महिला : ३**

**सर्वजित कुँवर**
**अध्यक्ष**
**मिलनचोक गैरी नाला निर्माण उपभोक्ता समिति, पोखरा-२५, कास्की**

## नागरिक पारदर्शिताको लागि सार्वजनिक सूचना

**पोखरा महानगरपालिका वडा नं. २५ समिवोट मेलवोट बाटो स्तरोन्नती गर्दा निम्न अनुसारको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारी तथा नागरिक पारदर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ।**

**योजनाको नाम : समिवोट मेलवोट बाटो स्तरोन्नती**
**उपभोक्ता समितिको नाम : समिवोट मेलवोट बाटो स्तरोन्नती उपभोक्ता समिति, पोखरा-२५, कास्की**
**योजना सम्झौता मिति : २०८१/११/०१**
**योजना सुरु मिति : २०८१/११/०२**
**योजना सम्पन्न भएको मिति : २०८२/०२/३१**
**महानगरपालिकाबाट : रु. ३०,००,०००/-**
**जनसहभागिता : रु. ५,३०,६४१/-**
**योजनाको कुल लागत : रु. ३५,३०,६४१/-**
**समिति सदस्य संख्या : ९, महिला : ४**

**लोकेन्द्र बहादुर कुँवर**
**अध्यक्ष**
**समिवोट मेलवोट बाटो स्तरोन्नती उपभोक्ता समिति, पोखरा-२५, कास्की**

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. ५ मनकामना पार्किङ बाँकी खण्ड निर्माण गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

योजनाको नामः मनकामना पार्किङ बाँकी खण्ड निर्माण
ठेगानाः पोखरा-५, स्मृति मार्ग
योजना शुरु मिति : २०८१/१२/१७ गते
योजना सम्पन्न मितिः २०८२/०३/२३ गते
योजनाको कुल लागतः रु. ६,७२,७१६.७०
महानगरपालिकाबाटः रु. ४,७४,८९९.५०
जनसहभागिताबाटः रु. १,९७,८१७.२०
उपभोक्ता समिति अध्यक्षः पुष्पराज बराल
सम्पर्क नं.: ९८४६०३०७४९
उपभोक्ता समिति सदस्यः ७ जना महिलाः २ पुरुषः ५ जना

**मनकामना पार्किङ बाँकी खण्ड निर्माण उपभोक्ता समिति पोखरा-५ स्मृति मार्ग**

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. ८ वडा प्रतिभा मार्ग अन्तर्गत गौरी पौडेलको घर जाने ढलान बाटो निर्माण कार्य गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

योजनाको नामः प्रतिभा मार्ग अन्तर्गत गौरी पौडेलको घर जाने ढलान बाटो निर्माण पोखरा-८
योजना सम्झौता मितिः २०८२/०२/१६ गते
योजना शुरु हुने मितिः २०८२/०२/१९ गते
योजना सम्पन्न भएको मितिः २०८२/०३/१९ गते
योजनाको अनुमानित लागतः रु. ११,८८,२३५.२९
योजनाको बास्तविक लागतः रु. १०,६०,२५३.५१
जनसहभागिताबाटः रु. १,७८,२३५.२९
महानगरपालिकाबाट अनुदान : रु. ८,८२,०१८.२२
उपभोक्ता समिति अध्यक्षः गौरी चालिसे पौडेल
सम्पर्क नं.: ९८४६०५१८७७
उपभोक्ता समिति सदस्यः ९ जना महिलाः ४ पुरुषः ५ जना

**प्रतिभा मार्ग अन्तर्गत गौरी पौडेलको घर जाने ढलान बाटो निर्माण उपभोक्ता समिति पोखरा-८**

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. ५ मनकामना मबुलौंदी पार्क निर्माण बाँकी खण्ड निर्माण गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

योजनाको नामः मनकामना मबुलौंदी पार्क निर्माण
ठेगानाः पोखरा-५, स्मृति मार्ग
योजना शुरु मिति : २०८१/१२/१७ गते
योजना सम्पन्न मितिः २०८२/०३/२३ गते
योजनाको कुल लागतः रु. ९,४१,७६७.०९
महानगरपालिकाबाटः रु. ७,६२,७०८.०९
जनसहभागिताबाटः रु. १,७९,०५९
उपभोक्ता समिति अध्यक्षः डीलिराम पराजुली
सम्पर्क नं.: ९८१६१३७८७२
उपभोक्ता समिति सदस्यः ९ जना महिलाः ३ पुरुषः ६ जना

**मनकामना मबुलौंदी पार्क निर्माण उपभोक्ता समिति पोखरा-५ स्मृति मार्ग**